# राप्ती सोनारी गाउँपालिकामा हरियो वन कार्यक्रम

## राप्ती सोनारी गाउँपालिकाको परिचय




राप्ती सोनारी गाउँपलिका जनसंख्याको हिसाबले नेपालकै सबैभन्दा ठूलो गाउँपालिका हो । कुल क्षेत्रफल १०४१.७३ वर्ग कि.मि रहेको यो गाउँपालिकाको अधिकांश भूभागले बाँके जिल्लाको उत्तर भावर क्षेत्रलाई समेटेको छ । पूर्वमा दाङ जिल्ला, पश्चिममा कोहलपुर न.पा र डुडुवा गा.पा., उत्तरमा दाङ र सल्यान जिल्ला र दक्षिणमा नरैनापुर गा.पा र भारतीय सिमानाको चौघेरामा यो गाउँपालिका रहेको छ । साविकका ६ वटा गाविसहरु खासकुश्मा, कचनापुर, बैजापुर, बिनौना, फत्तेपुर र महादेवपुरी मिलेर निर्माण भएको यो गाउँपालिका ९ वडामा विभाजित छ । यस गाउँपालिकाको कुल जनसंख्या ५९,९४६ रहेको छ भने गाउँपालिकाको कार्यालय केन्द्रका हिसाबले साविक कचनापुर गाविसको कार्यालय वडा नं. २ को अगैयामा रहेको छ । (हालै स्थानान्तरण भएको, स्रोतः राप्ती सोनारी गाउँपालिकाको आधिकारिक वेबसाइट)

## राप्ती सोनारी गाउँपालिकामा हरियो वन कार्यक्रमको भूमिका

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडि) को सहयोगमा सञ्चालित हरियो वन कार्यक्रमको उद्देश्य नेपाली समुदाय र जैविक विविधतालाई लाभ पुर्‍याउनु हो । हरियो वन कार्यक्रम डब्लुडब्लुएफ नेपालको नेतृत्वमा केएर नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ र राष्ट्रिय प्रकृति संरक्षण कोष सहित चारवटा संस्थाले संयुक्त रूपमा कार्यान्वयन गरिरहेका छन् । कार्यक्रमको पहिलो चरण सन् २०११ मा सुरु भएर सन् २०१६ मा अन्त्य भएको थियो । पहिलो चरणका उल्लेखनीय उपलब्धि र सिकाईहरूलाई अवलम्बन गर्दै कार्यक्रमको दोस्रो चरण सन् २०१६ देखि नै सुरु भई ५ वर्षसम्मका लागि सञ्चालन भइरहेको छ । यस कार्यक्रमले चितवन अन्नपूर्ण भू-परिधि र तराई भू-परिधिमा काम गर्छ । यसका दुई कार्यक्षेत्र जैविक विविधता संरक्षण र जलवायु परिवर्तन अनुकूलन रहेका छन् । यी दुई कार्यक्षेत्र भित्र बजारमा आधारित जीविकोपार्जन, सुशासन र लैंगिक समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रम पर्दछन् ।

हरियो वन कार्यक्रमले राप्ती सोनारी गाउँपालिकामा पहिलो चरणदेखिनैं कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । विपन्न वर्ग तथा पिछडिएका समुदायहरुको उल्लेख्य बसोबास भएको यस गाउँपालिकामा हरियो वन कार्यक्रमले जैविक विविधता संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धि सवालहरुलाई सम्बोधन गर्नका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको छ । भू-क्षय, वन्यजन्तु चोरी-सिकारी, अव्यवस्थित पूर्वाधार निर्माण, वन पैदावारको गैह्रकानुनी संकलन, अतिक्रमण, मानव-वन्यजन्तु द्वन्द्व, जलवायुजन्य प्रकोपहरु (जस्तै बाढी, डुबान, कटान तथा पटानका साथै खडेरी, हावाहुरी, महामारी, आगलागी), लैङ्गिक असमानता तथा सामाजिक बञ्चितिकरण,

जीविकोपार्जन सुधार र प्राकृतिक स्रोत व्यवस्थापन समूहहरुमा सुशासन तथा समावेशीकरण आदि विषयहरुका समाधान तथा न्यूनीकरणकाका लागि राप्ती सोनारी गाउँपालिकामा विभिन्न कार्यक्रमहरु सञ्चालन भइरहेका छन् ।

नेपाल सरकारले पनि स्थानीय समुदायको जीविकोपार्जनमा सुधार ल्याउन, अनुकूलित क्षमता बृद्धि र समानुकूलन बढाउन राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा) २०६७, जलवायु परिवर्तन नीति २०६७ र स्थानीय अनुकूलन कार्ययोजना (लापा) २०६७ संरचना, स्थानीय बिपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ साथै वातावरणमैत्री स्थानीय शासन प्रारुप २०७० तयार गरी स्थानीय अनुकूलनका लागि जोड दिएको छ । यसै सन्दर्भमा साबिक बिनौना गाविसको समन्वय र युस.ए.आई.डीको आर्थिक सहयोगमा हरियो वन कार्यक्रम केएर नेपाल मार्फत फेकोफन बाँके र युथ एलायन्स फर इन्भारोमेन्टको सहजीकरण मार्फत सरकारी मार्गदर्शनले तय गरेको प्रक्रिया र चरणहरुलाई अवलम्बन गर्दै स्थानीय स्तरका बहुसरोकारवालाहरुको सहभागितामा बाँके जिल्लाको संकटासन्न अवस्थामा रहेको साबिक बिनौना गाविसका लागि ५ बर्षे स्थानीय अनुकूलन योजना २०७१ तयार पारिएको थियो । साबिक गाविस अन्तर्गत तयार भएका ५ वटा समुदायस्तरीय अनुकूलन योजनाहरु पनि यस योजनाका महत्वपूर्ण आधारहरु हुन् । यसै सन्दर्भमा योजना कार्यान्वयनमा भएका प्रगतिहरुको समिक्षा गर्दै प्राप्त सिकाई, पछिल्लो समयमा भएका अद्यावधिक ज्ञान तथा स्थानीय जलवायु तथा संकटासन्नता अवस्थामा आएका परिवर्तन एवं स्थानीय निकायको पूनर्संरचना र स्थानीय निर्वाचनका पक्षहरुलाई समेट्दै २०७४ जेठ महिनामा यस योजना परिमार्जन गरिएको छ । यस परिमार्जनका क्रममा साबिकको बिनौना गाबिसले समेटेको वर्तमान राप्ती सोनारी गाउँपालिका वार्ड नं. ५ लाई नैं आधार मानिएको छ । वडा कार्यालयको नेतृत्वमा यस प्रक्रियामा यहाँका समुदाय तथा बहुसरोकारवालाहरु खासगरी राजनैतिक दलका प्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, आमा समुह, वडा नागरिक मञ्च, सामुदायिक वन उपभोक्ता समुह प्रतिनिधि, दलित, महिला, जनजाति, जोखिम क्षेत्रका प्रतिनिधि, अन्य संघसंस्थाहरुको प्रत्यक्ष सहभागितामा अन्तरक्रियात्मक छलफल गरिएको थियो र उहाँहरुबाटै आएका अनुभव तथा तथ्यहरुका आधारमा आगामी ३ बर्षको लागि यस स्थानीय अनुकूलन योजना प्रथम परिमार्जन २०७४ तयार पारिएको थियो ।

यस योजनाले समेटिएको क्षेत्र राप्ती सोनारी गाउँपालिका वार्ड नं. ५ (साबिक बिनौना गाबिस) को भूउपयोग क्षेत्रफल ४३.२८ वर्ग कि.मि. रहेको छ जसमध्ये ६०% वनजंगल, ३०% कृषियोग्य जमिन र १०% अन्य रहेको पाईन्छ । उक्त वडामा जम्मा घरधुरी १,४३८ (८,६२३ जनसंख्या) घरधुरी रहेकोमा थारु जातीको बाहुल्यता (६६.५८ प्रतिशत) देखिन्छ। (भिलेज प्रोफाइल २०७०) विषम र उष्ण मनसुनी हावापानी रहेको यस क्षेत्रमा जीविकोपार्जनका मुख्य आधारहरुमा कृषि, पशुपालन, मजदुरी, बैदेशिक रोजगारी र अन्य रहेका छन् । सकंटासन्न प्रकोपका आधारमा अति उच्च प्रकोपमा बाढी, कटान र पटान, उच्चमा शितलहर, आगलागी, हावाहुरी, मध्यममा खडेरी, कृषिमा रोगकिरा र न्युनमा मिचाहा प्रजाति, महामारी र असिना आदि रहेका छन् । उक्त योजनामा उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि गाउँपालिका र अन्य सरोकारवाला निकायहरुसँग सहकार्य, समन्वय र साझेदारी गरी सकंटासन्न वडा तथा समुदायहरुमा हरियो वन कार्यक्रमद्वारा निम्नानुसारका क्रियाकलाप सञ्चालन भइरहेका छन् ।

| सि.नं | क्रियाकलापहरु | इकाई | परिमाण | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | जैविक विविधता संरक्षण | | | | |
| १.१ | समुदायमा आधारित चोरीशिकार नियन्त्रण इकाई परिचालन | समुह | २९ | २९ सामुदायिक वनहरुमा | राप्तीसोनारी गाउपालिकामा रहेका २९ वटा सामुदयिक वनमा समुदायमा आधारित चोरीशिकार नियन्त्रण इकाईहरु परिचालनमा सहयोग, ३२९ स्वयंसेवी युवाहरु आवद्ध जसमा १०४ जना महिलाहरु तथा २२ जना दलितहरु रहेका छन् । |
| १.२ | सुरक्षित खोर निर्माणमा सहयोग | घरधुरी | ११८ | राप्ती सोनारी १, २, ८, ९ | |

| सि.नं | क्रियाकलापहरु | इकाई | परिमाण | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १.३ | सामुदयिक वनमा विभिन्न प्रजातीका विरुवाहरु वृक्षारोपण | संख्या | १,२१,४०८ | २२ वटा सामुदायिक वन | विभिन्न प्रजातिका १,२१,४०८ विरुवाहरु वृक्षारोपण |
| १.४ | काँडे तारबार र अग्निपथ निर्माण तथा मर्मत | कि मि | ११९.४९ | २४ वटा सामुदयिक वन | २४ वटा सामुदयिक वनमा ११९.४९ कि मि काँडे तारबार र अग्निपथ निर्माण तथा मर्मत गरिएको |
| १.५ | रिफ्लेक्ट साइनबोर्ड स्थापना | सख्या | १० वटा | बाके राष्ट्रिय निकुञ्ज हाइवे रोड | रिफ्लेक्ट साइनबोर्ड स्थापना |
| १.६ | बजारमुखी जीविकोपार्जनः बजारमा आधारित वैकल्पिक जीविकोपार्जन विकास तथा प्रवर्द्धन | | | | |
| १.६.१ | घरधुरी स्तरको जीविकोपार्जन सुधार | घरधुरी | ५६ | राप्ती सोनारी गाउँपालिका वार्ड २ र ५ | तरकारी खेती तथा माछा पालन |
| १.६.२ | सीपमुलक तालिम | जना | ६२ जना वनमा आश्रित व्यक्तिहरु | राप्ती सोनारी गाउँपालिका | साइकल मर्मत, सिलाईकटाई, कुकीङ, हाउस वायरिङ, तरकारी खेती, भेटेनरी र ब्युटी पार्लर जस्ता सीपमूलक तालिम प्रदान |
| १.७ | बायोग्याँस | संख्या | ३९९ | २२ सामुदयिक वन | पर्यावरण सरंक्षणमा सहयोग पुग्नुका साथै लाभान्वित समुदायहरुमा ईन्धनका लागि वनमा आश्रित हुने क्रममा उल्लेख्य सुधार |
| २. | योजना तर्जुमा प्रक्रियामा जलवायु परिवर्तन अनुकूलनको मूलप्रवाहीकरण | | | | |
| २.१ | जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम व्यवस्थापनको मूलप्रवाहीकरण अभिमुखीकरण तालिम कार्यक्रम | संख्या | १ | राप्ती सोनारी गाउँपालिका वडा नं ५ बिनौना | जलवायु परिवर्तन अनुकूलन तथा विपद जोखिम व्यवस्थापनको मूलप्रवाहीकरणबारे स्थानीय सरकारका जनप्रतिनिधी तथा सरोकारवाला निकाय तथा समुदाय लक्षित वर्गहरुलाई सचेतना तथा क्षमता विकास अभिवृद्धि तालिम |
| २.२ | जिल्ला परियोजना सल्लाहकार समिति/जिल्ला वन क्षेत्र समन्वय समिति (DPAC/DFSCC) बैठक तथा संयुक्त अनुगमन | संख्या | १ | बाँके | जिल्ला स्थित सरोकारवाला निकायहरु, स्थानीय सरकार तथा सम्बन्धित लक्षित समुदायका वर्गहरुलाई कार्यक्रमका विविध क्रियाकलापहरुको बारेमा जानकारी,सुझाव तथा आवश्यक परिमार्जन सँगै क्रियाकलापको संयुक्त कार्यान्वयनका लागि साझेदारी, सहकार्य तथा समन्वयको वातावरण विकास |

| सि.नं | क्रियाकलापहरु | इकाई | परिमाण | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| २.३ | योजना आदान प्रदान तथा योजना तर्जुमाको लागि पालिका तहमा वैठक | पटक | २ | राप्ती सोनारी गाउँपालिका, बाँके | वार्षिक कार्ययोजना अनुसारको क्रियाकलापहरुको सिकाई आदानप्रदान, प्रगती समिक्षासँगै सयुक्त क्रियाकलाप कार्यान्वयनका लागि आवश्यक सहकार्य, समन्वय तथा साझेदारी |
| २.४ | स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना निर्माण तथा प्रकाशन | पटक | १ | राप्ती सोनारी गाउँपालिका वडा नं ५ बिनौना | स्थानीय विपद् जलवायु उत्थानशिल समिती तथा सरोकारवाला निकायहरुका प्रतिनिधी सहितको अन्तरक्रियात्मक गोष्ठी मार्फत अनुकुलन कार्ययोजना निर्माण |
| ३ | जलवायु परिवर्तन अनुकूलनका लागि पूर्व तयारी तथा अनुकूलन | | | | |
| ३.१ | स्थानीय अनुकुलन कार्य योजनाका प्राथमिकिकृत क्रियाकलापहरुको कार्यान्वयनमा सहयोग | | | | |
| ३.१.१ | सचेतना/क्षमता अभिवृद्धि र सुशासन | स्थानीय अनुकुलन कार्य योजनाको संख्या | १ | राप्ती सोनारी गाउँपालिका वडा नं ५, बिनौना | जलवायु परिवर्तन अनुकुलन र विपद जोखिम व्यवस्थापनसँग सम्बन्धित सचेतनामुलक होर्डिङ बोर्डहरु ८ वटा सार्वजनिक स्थल तथा चोकहरुमा राखिएको |
| ३.१.२ | जलवायु अनुकुलित वा उत्थानशिल जीविकोपार्जन र फरक प्रभाव सम्वोधनका कार्यक्रम | संख्या | १ | राप्ती सोनारी गाउँपालिका वडा नं ५, बिनौना | • ५० जना कृषकहरुलाई बेमौसमी तरकारी खेतीबारे फिल्डस्तरीय सैद्वान्तिक तथा व्यवहारिक तालिम प्रदान<br>• २५ जना मुख्य कृषक वर्गहरुलाई आई.पी.एम कृषि प्रविधि प्रर्वदन तथा विकासका लागि फिल्ड स्तरीय तालिम<br>• एकीकृत शत्रुजीव व्यवस्थापन -आई.पी.एम सिकाई केन्द्रको स्थापना<br>• बैमौसमी तरकारी खेती आयमुलक क्रियाकलापद्वारा जीवनस्तर सुधार सहयोग मार्फत आयमुलक कार्यतर्फ जोड्दै आत्मनिर्भरतासँगै जीविकोपार्जनमा टेवा |
| ३.१.३ | साना संरचना तथा अनुकुलन प्रविधि एवं विपद जोखिम न्यूनीकरण संरचना निर्माण | संख्या | ४ | राप्ती सोनारी गाउँपालिका वडा नं ५, बिनौना | • भुताहा ताल सरक्षंण तथा सिंचाईका लागि ड्याम निर्माण<br>• टडुवा धुमैया जैविक तटबन्ध निर्माण |

| सि.नं | क्रियाकलापहरु | इकाई | परिमाण | स्थान | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| | | | | | • बल्छैया नदी किनार तटबन्ध निर्माण<br>• ध्वारध्वारे खोला तटबन्ध निर्माण |
| ३.१.४ | योजना तर्जुमा, अनुगमन, पुनरावलोकन तथा सिकाई आदान प्रदान | पटक | ६ | राप्ती सोनारी गाउँपालिका वडा नं ५, बिनौना | लापा योजना माथिको छलफल, एकीकृत लापा क्रियाकलाप कार्यान्वयन, क्रियाकलाप कार्य प्रगति समिक्षा, फिल्ड स्तरीय अनुगमन तथा समिक्षा |
| ३.१.५ | जलवायु परिवर्तन अनुकुलन तथा विपद व्यवस्थापन सम्बन्धि ज्ञान तथा क्षमता विकासमा सामुदायिक सिकाई तथा कार्य केन्द्रलाई सहयोग | संख्या | १ | राप्ती सोनारी गाउँपालिका वडा नं ५, बिनौना | • ललही सामुदायिक सिकाई तथा कार्य केन्द्रमार्फत विषयगत ज्ञान, सीप तथा दक्षताका लागि विभिन्न कार्यक्रम सञ्चालन तथा बाढी ग्रस्त क्षेत्रमा शुद्ध खानेपानीका लागि उच्च धारा निर्माण<br>• बञ्जरिया सामुदायिक सिकाई तथा कार्य केन्द्र सञ्चालन सहयोग , फोहोरमैला व्यवस्थापनकालागि डस्टबिन सहयोग |
| ३.१.६ | जलवायु परिवर्तन र विपद जोखिमबाट परेका फरक प्रभाव सम्बोधनका लागि क्रियाकलाप कार्यान्वयन | प्याकेज | १ | राप्ती सोनारी गाउँपालिका वडा नं ५, बिनौना | • शारिरिक रुपमा अशक्तता समुह, किशोरकिशोरी समुह, मिश्रीत विपन्न वर्ग समुह, पछाडि पारिएका दलित वर्ग, बाढी प्रभावित वर्ग र निर्णायक नेत्तृत्व वर्ग समुहहरु सँगको अन्तरक्रियात्मक छलफल,<br>• समुदायमा आधारित खोज तथा उद्धार २ दिने तालिम तथा उद्धार सरसाम्रगी सहयोग (४ वटा सा.व.उ.सका ३४ जना उद्धारकर्मीहरुलाई पुनतार्जगी तालिम)<br>• किशोरी तथा महिला वर्गका लागि विपदका बेलामा स्वास्थका दृष्टिकोणले सहयोग पुग्ने उद्देश्यका साथ ४ वटा स्थानमा सेनेटेरी प्याड मेसिन जडान सहयोग |
| ३.१.७ | विपद पुर्व तयारी तथा प्रतिकार्य | संख्या | १ | राप्ती सोनारी गाउँपालिका | • IRA (प्रारम्भिक द्रुत लेखाजोखा) मोबाइल एप |

| सि.नं | क्रियाकलापहरु | इकाई | परिमाण | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| | सम्बन्धि क्षमता विकास अभिवृद्धिमा सहयोग | | | | तालिम |
| ३.१.८ | विपद चक्र व्यवस्थापन सहयोग | प्याकेज | १ | राप्ती सोनारी गाउँपालिका वडा नं ५, बिनौना | • सर्पदंश सम्बन्धि प्राथमिक उपचार अभिमुखीकरण कार्यक्रम<br>• ५ वटा सा.व.उ.सलाई अग्नि नियन्त्रण तथा वन डढेलो व्यवस्थापन अभिमुखीकरण तालिम तथा सरसाम्रगी सहयोग |
| ४ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | | | | |
| ४.१ | महिला नेतृत्व विकासमा पुरुष तथा निर्णायक वर्गको संलग्नता | पटक | १ | राप्ती सोनारी गाउँपालिका वडा नं ५, बिनौना | राप्ती सोनारी गाउँपालिका क्षेत्रका वन समुहका ५८ जना कार्यसमिती पदाधिकारीहरुलाई ४ दिने तालिम तथा कार्ययोजना कार्यान्वयन |
| ४.२ | परिवर्तनका सवाहंक हरुमार्फत सामाजिक रुपान्तरणका क्रियाकलाप कार्यान्वयनमा सहयोग | संख्या | १ | राप्ती सोनारी गाउँपालिका वडा नं ५, बिनौना | ५ वटा सा.व.उ.सका ३० जना कार्यसमितिका पदाधिकारीहरुलाई काम, कर्तव्य, अधिकारसँगै नेतृत्व क्षमता, ज्ञान, सीप, क्षमता विकासका लागि अभिमुखीकरण कार्यक्रम कार्यान्वयन |
| ४.३ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि सा.व.उ.स. मा आन्तरिक नीति तथा योजना निर्माण | संख्या | ५ सा.व.उ.स | राप्ती सोनारी गाउँपालिका वडा नं ५ | • कन्येश्वरी सा.व.उ.स<br>• राप्ती पिडित सा.व.उ.स<br>• सुनखोली सा.व.उ.स<br>• सिद्धेश्वरी सावउस<br>• जलहन सा.व.उ.स |
| ५ | सुशासन | | | | |
| ५.१ | प्राकृतिक स्रोत व्यवस्थापन समुहमा संस्थागत क्षमता विकास मार्गदर्शन मार्फत क्षमता विकासमा सहजिकरण | समुह | १२ | राप्ती सोनारी गाउँपालिका | • गाईलेख सा.व.उ.स<br>• सिद्धसाईकुमारी सा.व.उ.स<br>• जनकल्याण सा.व.उ.स<br>• जलहन सा.व.उ.स<br>• सुनखोली सा.व.उ.स<br>• सिद्धेश्वरी सा.व.उ.स<br>• कन्येश्वरी सा.व.उ.स<br>• समयभवानी सा.व.उ.स<br>• राप्तीपिडीत सा.व.उ.स |

| सि.नं | क्रियाकलापहरु | इकाई | परिमाण | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | • सदाबहार सा.व.उ.स<br>• सिद्धबाबा सा.व.उ.स<br>• राप्ती सा.व.उ.स |
| ५.२ | प्राकृतिक स्रोत व्यवस्थापन समुहहरुको संस्थागत क्षमता पुनःआँकलन | समुह | ११ | राप्ती सोनारी गाउँपालिका | • गाईलेख सा.व.उ.स<br>• सिद्धसाईकुमारी सा.व.उ.स<br>• जनकल्याण सा.व.उ.स<br>• जलहन सा.व.उ.स<br>• सुनखोली सा.व.उ.स<br>• सिद्धेश्वरी सा.व.उ.स<br>• कन्येश्वरी सा.व.उ.स<br>• समयभवानी सा.व.उ.स<br>• राप्तीपिडीत सा.व.उ.स<br>• सदाबहार सा.व.उ.स<br>• सिद्धबाबा सा.व.उ.स |
| ५.३ | स्थानीय समाधानको उपाय सम्बन्धि तालिम | संख्या | १ | राप्ती सोनारी गाउँपालिका वडा नं ५ | पातको थैलामा बेर्ना उत्पादन |

## मुख्य उपलब्धिहरु

- स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन योजना राप्ती सोनारी गाउँपालिका वडा नं ५ को योजना अनुसार प्राथमिकिकृत क्रियाकलापहरुको कार्यान्वयन गर्नमा सहयोग गर्दा खेरी अति उच्च जोखिममा रहेका घरपरिवारलाई विभिन्न किसिमका फाईदाहरु पुगेको छ । साथै यस गाउँपालिका अन्तर्गत रहेका नदी किनारका संकटासन्नता समुदायलाई बर्षेनी आइपर्ने बाढी, कटान पटान जस्ता विपदको जोखिम न्युनीकरणमा योगदान पुगेको छ र निम्न क्रियाकलापहरु सफलतापूर्वक सम्पन्न भएका छन् ।
- राप्ती सोनारी गाउँपालिका वडा नं ५ स्थित बिनौना बाढी डुबान क्षेत्रका संकटासन्नता समुदायको जोखिम न्यूनिकरण गर्ने उद्धेश्यका साथ स्थानीय अनुकुलन योजना मार्फत १५० मि. टड्वा धुमैया जैविक तटबन्ध निर्माण द्वारा १४ हेक्टर जमिन भूक्षय हुनबाट जोगिएको र प्रत्यक्ष लाभान्वित १९ विपन्न घरधुरी र अप्रत्यक्ष ४५ विपन्न घरधुरीलाई बाढी, कटान पटान जस्ता विपदको जोखिम न्युनीकरणमा सहयोग पुगेको छ ।
- राप्ती सोनारी गाउँपालिका वडा नं ५ बिनौना स्थानीय अनुकुलन योजना मार्फत ध्वारध्वारे खोलामा ९० मिटर तटबन्ध निर्माणद्वारा ७ हेक्टर जमिन भुक्षय हुनबाट जोगिएको र प्रत्यक्ष लाभान्वित १०० विपन्न घरधुरीलाई बाढी, कटान, पटान जस्ता विपदको जोखिम न्युनीकरणमा सहयोग पुगेको छ ।
- राप्ती सोनारी गाउँपालिका वडा नं ५ बिनौना स्थानीय अनुकुलन योजना मार्फत बल्छैया खोलामा १०० मिटर तटबन्ध निर्माण द्वारा ३० हेक्टर जमिन भुक्षय हुनबाट जोगिएको र प्रत्यक्ष लाभान्वीत ५० विपन्न घरधुरीलाई बाढी, कटान पटान जस्ता विपदको जोखिम न्युनीकरणमा सहयोग पुगेको छ ।
- राप्ती सोनारी गाउँपालिका वडा नं ५ बिनौना स्थानीय अनुकुलन योजना मार्फत भुताहा तालमा ४२ मिटर सिंचाई ड्याम निर्माण द्वारा ९ हेक्टर जमिन भुक्षय हुनबाट जोगिएको र प्रत्यक्ष लाभान्वीत २१ विपन्न घरधुरी र अप्रत्यक्ष १०५ विपन्न घरधुरी लाई बाढी, कटान पटान जस्ता विपदको जोखिम न्युनीकरणमा सहयोग पुगेको छ ।

- बाढी, डुबान, कटान तथा पटान ग्रस्त क्षेत्रमा जैविक तटबन्ध निर्माण कार्य तथा बाँस रोपण जस्ता कार्यहरुले गर्दा सो विपदहरुबाट हुने क्षती न्युनीकरण हुनुका साथै वातावरणीय अनुकुलतामा सहयोग पुगेको छ ।
- बैमौसमी तरकारी खेती प्रर्वद्धनका लागि आधुनिक टनेल खेती प्रविधि विकासमा कृषक वर्गहरुको प्राविधिक ज्ञान,सीप तथा क्षमता विकास सँगै आयमुलक क्रियाकलापमा जोडिएका छन जसले गर्दा मानव स्वास्थ, पोषण, जलवायु अनुकुलित कृषि क्रियाकलाप सम्बन्धि चेतना अभिवृद्धि तथा प्रयोगले जीवनस्तर सुधारमा सहयोग पुगेको पाइएको छ ।
- विपद चक्र व्यवस्थापन र विपद पुर्व तयारी तथा प्रतिकार्य सम्बन्धि क्षमता विकास अभिवृद्धिमा सहयोगका क्रियाकलाप कार्यान्वयनले स्थानीय सरकार तथा सम्बन्धित सरोकारवाला पक्षहरुको विपद जोखिम व्यवस्थापनमा सक्रियता बढाएको छ ।
- सामाजिक विश्लेषण अध्ययन प्रतिवेदन विकास गर्दा यस बाँके कम्दी ब्लकका मुख्य सवालहरुका रुपमा सा.व.उ.स.का सदस्यताबाट वहिस्करण, असमान शक्ति सम्वन्ध, महिलाहरुको गतिशिलता तथा भुमिका परिवर्तन, मध्यपान तथा घरेलु हिंसा, जातीय विभेद, जलवायु परिवर्तनको प्रभावले संकटासन्न, खडेरी,कीरा रोग प्रकोपको कारणले खाद्य सुरक्षामा समेत असर, महिलाहरुमा कार्यबोझ, दलित र जनजातीहरुमा बहुविवाह र व्यक्तिगत घटना दर्ता नगर्ने आदि सामाजिक सवालहरु देखा परेका थिए भने उक्त सवाल सम्बोधनका लागि स्थानीय सरकार, सरोकारवाला निकायहरु, र हरियो वन कार्यक्रमले सयुक्त रुपमा क्रियाकलाप कार्यान्वयन गर्दा समावेशी सहभागीतामुलक पद्धतिद्वारा हरियो वनका सफल प्रयासहरुलाई पनि निरन्तरता दिने जस्तै कार्यक्रम कार्यान्वयनमा दलित तथा अल्पसंख्यक समुदायहरुलाई विशेष प्राथमिकता दिने र क्षमता विकासमा पनि अभिवृद्धि भएको पाइएको छ ।
- विद्यमान सामाजिक सवाल सम्बोधन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, महिला नेतृत्व विकास सम्बन्धि विषयगत ज्ञान, सीप तथा दक्षताको विकास, महिला सशक्तीकरण विकासका लागि उपायहरुको खोजी विषयमा सैद्धान्तिक तथा व्यवहारिक तालिम प्रदान गर्दै महिला नेतृत्व विकासमा सहयोग पुगेको छ ।
- लैङ्गिक समनता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा महिला नेतृत्व विकासमा पुरुष तथा निर्णायक वर्गको संलग्नतामा गाउँपालिका क्षेत्रका वन समुहका कार्यसमिती पदाधिकारीहरुलाई ४ दिने तालिम तथा कार्ययोजना कार्यान्वयनबाट विद्यमान सामाजिक सवाल सम्बोधन, लैगिंक विकास, महिला सशक्तिकरणका लागि उपायहरुको खोजी तथा स्थानीय स्तरमा प्रयोगका विषयमा सैद्दान्तिक तथा व्यवहारिक तालिम प्रदान गर्दै महिला नेतृत्व विकासमा सहयोग पुगेको छ ।
- समाजमा विद्यमान सामाजिक सवालहरुलाई मध्यनजर गरी सहभागितामुलक अन्तरक्रियात्मक गोष्ठी, छलफल मार्फत तयार भएको सामाजिक विश्लेषण प्रतिवेदनका आधारमा विकासको मुलप्रवाहबाट पछाडि पारिएका महिला, दलित, जनजाति, अल्पसख्ँयक समुदाय तथा सकंटासन्न लक्षित वर्गको सार्वजनिक सरोकारका विषयमा अर्थपुर्ण सहभागिता, विकासमा लैङ्गिक समनता तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण तथा विकासमा पहुँच, क्षमता विकास तथा अभिवृद्धिमा टेवा पुगेको पाइएको छ ।
- सामुदायिक सिकाई तथा कार्य केन्द्र सञ्चालनबाट विपन्न, मुक्त कमैया, दलित र महिलाहरुले पैरवी अभियानमा मुख्य नेतृत्व बहन गर्दै स्थानीय निकायहरुसँगको सहकार्य तथा समन्वयमा विविध क्रियाकलापहरु सञ्चालन गरी सामाजिक रुपान्तरणका क्षेत्रमा सक्रिय सहभागितामा अग्रपंक्तिमा आउनका लागि सक्षम भएका छन् ।
- राप्ती सोनारी गाउँपालिका क्षेत्रभित्र रहेका १२ वटा सा.व.उ.स. मा क्षमता सुधारका लागि समयानुसारको कार्ययोजना बनाई लागु गर्दा समूहको आन्तरिक तथा बाह्य सुशासन अभिवृद्धी गर्न सहयोग पुगेको पाईएको छ । साथै उक्त समूहहरु मध्य ११ वटा को संस्थागत क्षमता पुनःआँकलन गर्दाखेरी पहिलेभन्दा उल्लेख्य रुपमा सुधार भएको र समूह अझ बढी सक्रिय भएको पाइएको छ ।

- राप्ती सोनारी गाउँपालिका क्षेत्रभित्र रहेका ५ वटा प्राकृतिक स्रोत समुहहरुको आन्तरिक लैससास नीति बनाई सम्बन्धित समुहहरुको कार्यसमितिबाट अनुमोदन गराई सा.व.उ.स पदाधिकारीहरुमा प्रभावकारी नेतृत्व, निर्णय प्रकृया र पैरवीमा कार्यकुशलता सुधारमा सहयोग पुगेको छ ।
- तरकारीको बिरुवा उत्पादन गर्न प्लाष्टिक थैलाको सट्टा स्थानीय स्तरमा उपलब्ध बिरुवाको पातको थैला (खोचा) प्रयोग गर्दा निम्न आर्थिकस्तर भएका कृषकहरुको जिवनस्तर माथि उठाउन र प्लाष्टिक थैलाको प्रयोगबाट जलवायु परिर्वतनमा परेको असरलाई न्यूनिकरण गर्न मद्दत पुग्ने देखिन्छ ।
- चोरीशिकार नियन्त्रण इकाईका युवाहरुले वन र वन्यजन्तुको चोरीशिकार तथा अवैध ओसारपसारलाई निरुत्साहित गर्ने, समुदायमा सचेतना फैलाउने, कानुन नियमन निकायलाई सहयोग गर्ने, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा वन डढेलो नियन्त्रणमा सहजीकरण गर्ने जस्ता कार्यमा प्रभावकारी भूमिका निर्वाह गर्दै आएका छन् ।
- सीपमूलक तालिम सञ्चालन पश्चात उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका लागि न्यूनतम अवसर प्राप्त गर्नबाट समेत बञ्चित भएकाहरूलाई यस्तो शिक्षा र तालिमका अवसरहरू प्राप्त गर्न सहज र उपयुक्त वातावरण तयार भएको छ ।
- बायोग्याँसको निर्माणबाट पर्यावरण संरक्षणमा सहयोग पुग्नुका साथै लाभान्वित समुदायहरु ईन्धनका लागि वनमा आश्रित हुने क्रममा उल्लेख्य सुधार आएको छ । यसबाट ती घरधूरीहरुमा स्वास्थ्यमा पर्ने प्रतिकुल असर र ईन्धनका लागि आर्थिक भारमा पनि कमी आएको छ ।
- बजारमा आधारित वैकल्पीक जीविकोपार्जन विकास तथा प्रर्वद्धनका लागि आयमुलक क्रियाकलापहरुमा जोड्नका लागि उद्यम विकासका लागि सकंटासन्न समुदायका विपन्न तथा अति विपन्न घरधुरीलाई आवश्यक प्राविधिक तालिम र सरसामग्री सहयोगले सो समुदाय आयमुलक कार्यसँग जोडिँदा जीवनस्तर सुधारमा सहयोग भएको पाइएको छ ।

## सिकाई

हरियो वन कार्यक्रमले राप्ती सोनारी गाउँपालिकाले सञ्चालन गरेका क्रियाकलापहरुको विस्तृत योजना, कार्यक्षेत्र, कार्यशैली आदिका बारेमा सरोकारवालाहरुलाई पारदर्शी ढंगले जानकारी दिई क्रियाकलापहरु सञ्चालन गरिरहेको हुँदा स्थानीय सरकार तथा बासिन्दाहरुको निकै प्रभावकारी सहयोग प्राप्त भएको छ । तसर्थ कुनै पनि परियोजनाका हरेक चरणहरुमा स्थानीय सरकारको नेतृत्व तथा स्थानीय समुदायको अपनत्व गराएर मात्रै कार्यक्रम सञ्चालन गर्नु पर्दो रहेछ भन्ने एकदमै महत्वपूर्ण सिकाई भएको छ । यस्ता कार्यक्रम र क्रियाकलापको खाका तयार गर्दा स्थानीय स्तरमै उपलब्ध स्रोत र साधनहरुको प्रयोग तथा सुधारमा जोड दिनु पर्ने देखिन्छ । कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ताहरु बिच सहभागितात्मक छलफल गर्ने परिपाटीले सुधार गर्नुपर्ने कुराको पहिचान, सुधार योजना, कार्यान्वयन तथा उपलब्धि प्राप्त गर्न सहज हुने देखिएको छ । वाह्य श्रोतबाट प्राप्त हुने प्राविधिक तथा आर्थिक सहयोगका साथसाथै स्थानीय समुदायहरुले एक समुदायमा भएका राम्रा अभ्यास र सिकाईहरु अर्को समुदायलाई सिकाउने र सिक्ने गर्दा संलग्न सबै पक्षलाई फाइदा पुगेको छ । बिकास निर्माणका कार्यक्रमहरु तय गर्दा दोहोरोपना हटाई सकेसम्म लक्षित वर्गहरुमा ती क्रियाकलापहरुले दिगो असर पार्ने गरी तय गरिनु पर्दछ । विभिन्न स-साना क्रियाकलापहरुमा थोरै-थोरै बजेट बिनियोजन गरिनु भन्दा पनि धेरै लक्षित वर्गलाई फाइदा पुग्ने गरी कुनै एक क्रियाकलापका लागि समस्टिगत रुपमा बजेट बिनियोजन गरिनु समुदायका लागि प्रभावकारी हुन सक्छ । त्यस्तै भौतिक तथा पूर्वाधार बिकास निर्माणका संरचना सम्बन्धि योजनाहरु तय गर्दा यस्ता योजनाहरुको कार्यान्वयनबाट त्यहाँको बातावरण संरक्षणमा पर्न सक्ने तत्कालिक र दुरगामी नकारात्मक प्रभावहरु र जलवायु परिबर्तनले यस्ता भौतिक पूर्वाधारका संरचनाहरुमा पार्न सक्ने नकारात्मक प्रभावहरुको उचित लेखाजोखा गरी कार्यान्वयन गर्दा विकासको प्रतिफल दिगो र प्रभावकारी हुन्छ ।

**अन्य केही मुख्य सिकाईहरुः**

- जलवायु परिवर्तनका असरहरुलाई सामना गर्न समुदाय र सामुदायिक संगठनहरु (जस्तै साबउस, सामुदायिक सिकाई तथा कार्य केन्द्र, कृषि समूह, सहकारी समूह, समुदाय स्तरका सघं संस्थाहरु, समुदायमा आधारित चोरी सिकारी नियन्त्रण समिति) को परिचालन उपयुक्त माध्यम हो । यसका लागि उनीहरुमा पर्याप्त ज्ञान, सिप तथा क्षमता विकास तथा अभिवृद्धि हुन आवश्यक छ ।
- जलवायु परिवर्तनको असर मानव समुदायको तुलनामा वन तथा जैविक विविधतामा ढिलो देखिएता पनि अन्तत्वगोत्वा मानव समुदायमा यसको प्रभाव उल्लेख्य मात्रामा पर्दछ । (सामुदायिक र पारिस्थितिकीय अनुकूलन)
- हरियो वन कार्यक्रमद्वारा सञ्चालित लैङ्गिक समानता र सामाजिक समावेशीकरण कार्यक्रमले महिला सशक्तीकरणमा उल्लेख्य योगदान पुर्‍याएको छ । तर सामाजिक समावेशीकरण र लैङ्गिक हिंसा रोक्न अझै प्रभावकारी कार्यक्रमहरु लागु गर्न आवश्यक छ । (नेतृत्व विकास, पुरुष तथा निर्णायक वर्गको संलग्नता, जोडी तालिम आदि )
- स्रोत पर्याप्त भएका समूहहरुले सुशासन सुदृढीकरण र प्राकृतिक स्रोतबाट हुने लाभको न्यायोचित बाँडफाँडमा ध्यान पुर्‍याउन आवश्यक छ । (सुशासनका औजारहरुको प्रयोग, सामुदायिक वन विकास मार्गदर्शन, न्यायोचित वितरण आदि)
- १६ हप्तासम्म विविध गतिविधिका साथ सञ्चालन गरिने सामुदायिक सिकाई तथा कार्य केन्द्रको अभ्यासमा निरन्तरताको साथै सहभागी, सहजकर्ता र स्थानीय सरकारको उचित तालमेल र सहकार्य हुन सकेको खण्डमा महिलाहरुलाई संगठित गर्न र स्थानीय स्तरका सामाजिक सवालहरु विषेशगरी विभिन्न प्रकारका लैंगिक हिंसाका सवालहरु सम्बोधनमा प्रभावकारी रहेको पाइएको छ ।
- बजारमुखी जीविकोपार्जन सुधारका कार्यक्रमहरुलाई स्थानीय स्तरको योजना तर्जुमा प्रक्रियामा मूलधारमा ल्याई यी उद्यमहरुको प्रबर्धन गर्नका लागि निश्चित बजेट विनियोजन गरेमा आगामी दिनहरुमा यहाँका बासिन्दाहरुको जीवनस्तर उकास्न सकिन्छ ।
- राप्ती सोनारी गाउँपालिका र अन्य सरोकारवाला निकायहरुसँगको नियमित बैठक तथा गोष्ठी कार्यक्रमहरुले संयुक्त क्रियाकलाप कार्यान्वयन गर्नमा सहयोग पुर्‍याउँदा कार्यक्रम अझ बढी प्रभावकारी, एकीकृत, लक्षित वर्गमुखी भएको छ । यसरी हरियो वन कार्यक्रम मार्फत साझेदारीमा भएका क्रियाकलापहरुको दिगोपनाका लागि गाउँपालिकाको अपनत्व विकास भएको छ ।
- बायोग्याँस जडान गरी सञ्चालनका लागि पर्याप्त रकम, जमीन र घरपालुवा पशु नभएको खण्डमा राप्ती सोनारी गाउँपालिकाले सोको व्यवस्थाका लागि कदम चाल्दा कार्यक्रम थप प्रभावकारी हुन्छ । त्यस्ता समुदायहरूलाई लक्षित गरी स्थानीय सरकारले सरोकारवालाहरुसँग मिलेर बायोग्याँस स्थापना गर्दा लागत कम लाग्दछ ।
- सीपमुलक तालिमका प्रशिक्षार्थीहरुको छनोटमा स्थानीय तहले विशेष भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । तालिम अवधि कम्तीमा पनि एक महिनाको बनाउँदा प्रशिक्षार्थीहरुलाई सहजता महशुस हुने देखिन्छ । तालिमका साथसाथै उनीहरुलाई पेशागत प्रयोगमा आउने न्यूनतम सामाग्री पनि साथै उपलब्ध गराउँदा उनीहरुलाई आफ्नो व्यवसाय स्थापना तथा स्तरोन्नतीमा मद्दत पुग्ने देखिन्छ ।
- चोरीशिकार नियन्त्रण इकाईका युवाहरु स्वयंसेवी रुपमा संलग्न हुने भएकोले युवाहरु परिवर्तन भइरहन्छन् । समुदायका सचेतकको रुपमा रहनु पर्ने हुनाले उनीहरुको नियमित रुपमा क्षमता विकास गरिरहनु पर्दछ र संरक्षण कार्यमा अद्यावधिक गरिरहनु पर्दछ । यसमा स्थानीय सरकारले नियमित सहयोग गर्नु पर्ने देखिन्छ ।

## समुदायमा कार्यक्रमको दिगोपना

हरियो वन कार्यक्रमले सञ्चालन गरेका क्रियाकलापहरु स्थानीय स्तरमैं माग भई आएका तथा टड्कारो रुपमा सामाजिक तथा पर्यावरणीय बिकासमा बाधा पुऱ्याउने समस्याका समाधानका कार्यक्रमहरु भएकाले आगामी दिनहरुमा पनि यी कार्यक्रमहरुले निरन्तरता पाउन एकदमै जरुरी भएको महसुस भएको छ । आवधिक योजनाहरूमा लक्षित सामाजिक वृद्धि हासिल गर्न स्रोत तथा साधनमा समान पहुँच, रोजगारीका अवसरहरूको सिर्जना, पर्यावरण संरक्षण, सुशासनको अभिवृद्धिजस्ता संरचनागत आवश्यकताहरुलाई यी कार्यक्रमहरुको निरन्तरताले उचित रूपमा सम्बोधन गर्ने भएकाले राप्ती सोनारी गाउँपालिकाले हरियो वन कार्यक्रमद्वारा सञ्चालन गरिएका क्रियाकलापहरुलाई थप परिष्कृत गर्दै अघि बढाउन जरुरी हुन्छ । यसका लागि राप्ती सोनारी गाउँपालिकाले स्थानीय स्रोत, साधन, सीप, ज्ञान र दक्षताको दिगो सदुपयोग हुने गरी यी कार्यक्रमहरुलाई आफ्नो वार्षिक कार्ययोजनामा समावेश गराई अघि बढाउनु पर्छ जसले गर्दा विकासको मूलधारमा ल्याउन बाँकी रहेका जाति, वर्ग, लिङ्ग, क्षेत्र तथा अल्पसंख्यक, सीमान्तकृत, बञ्चित आदि सबै समुदायको सामाजिक अवसरको पहुँच विस्तारमा सहयोग पुऱ्याउने छन् । जीवनस्तरमा हुने गुणात्मक सुधारले मात्र स्थानीय बासिन्दालाई प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने र अन्तत्वगोत्वा पर्यावरण संरक्षण र जीवनस्तर सुधार गर्ने हुनाले हरियो वन कार्यक्रम मार्फत हाल सञ्चालन भइरहेका कार्यक्रमहरुलाई निरन्तरता दिनु जरुरी हुन्छ ।

समुदायमा आधारित चोरीशिकार नियन्त्रण इकाईलाई सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको उपसमितिको रुपमा कार्यविधि अनुमोदन गरी संस्थागत गर्नु पर्दछ र सो कार्यमा राप्ती सोनारी गाउँपालिकाले समन्वयकारी भूमिका निर्वाह गर्नु पर्दछ ।बहुवर्षिय बालीहरुलाई ब्लकस्तरमा उत्पादन गर्न प्रोत्साहन गरी यस गाउँपालिकाको चुरेक्षेत्रमा भू-क्षय कम गर्ने काममा स्थानीय तह, कृषक, नीजि क्षेत्र लगायत सबै सरोकारवालाहरुको सहकार्य जरूरी हुन्छ । यी सबै सरोकारवालाहरुको सहकार्य स्थानीय उत्पादनको बजारीकरणमा पनि जरूरी हुन्छ । स्थानीय सरकारले असल अभ्यासको अनुसरण गरी आफ्ना वार्षिक नीति तथा कार्यक्रमका मूलप्रवाहीकरण गर्नु पर्दछ । जलाधार क्षेत्रमा संस्थागत संरचनाको स्थापना तथा बिकासका लागि पनि स्थानीय सरकारले पहल गर्दा थप प्रभावकारी हुन्छ । वातावरणमैत्री भौतिक पुर्वाधार बिकासका लागि पनि सम्बन्धित समुदाय र सरोकारवाला निकाय, संस्थासँगको सम्बन्ध स्थापित गर्न राप्ती सोनारी गाउँपालिकाले समन्वयकारी भूमिका निर्वाह गर्दा हरियो वन कार्यक्रमको अन्त्य पछि पनि यी सफल कार्यक्रमहरुले दिगोपना पाउने देखिन्छ ।

हरियो वन कार्यक्रमको समयावधि समाप्त हुनु अघि हाल सञ्चालनमा रहेका क्रियाकलापहरु र आशातीत उपलब्धिहरु हासिल हुने गरी सम्पन्न गरिनेछ । सफल देखिएका क्रियाकलापहरुलाई बिस्तार गर्नका लागि आवश्यक प्राविधिक सहयोग निरन्तर प्रदान गरिनेछ। ती क्रियाकलापहरुलाई राष्ट्रिय योजना तथा अन्य आयोजनाहरु साथै सरोकारवालाहरु र हरियो वन कार्यक्रमका साझेदार संस्थाहरुसँग सहकार्य तथा साझेदारीका लागि प्रयासहरु गरिनेछ । साथै बाँकी समयावधिमा यी कार्यक्रमहरु कार्यान्वयनका दौरान प्राप्त सिकाई तथा उपलब्धिहरुको अभिलेखिकरण पनि गरिनेछ ।

**हरियो वन कार्यक्रम**

USAID अमेरिकी जनताबाट · WWF · care · FECOFUN · NTNC

**डिस्क्लेमरः** यो सामाग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस सामाग्री भित्रका विषयवस्तु र सामाग्री डब्लुडब्लुएफ नेपालका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।